# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १०    अंक ९    मासिक    भदौ/असोज    September 2007


- *राजनीतिमा महिला सहभागिता* — यामु कँडेल
  अझै सहयोगी छैन परिवार र समाज
- *सुकुम्बासीको गिट्टी बचत अभियान* — मनिता चाम्लिङ
  गिट्टी बचतले बनाएको आर्थिक हैसियत
- *कहाँ छ त ३३ प्रतिशत महिला सहभागिता ?* — शारदा रिजाल
  *एकजना महिला राख्दैमा हुन्छ त समानुपातिक ?*
- *आर्थिक शोषणमा महिला कलाकार* — बिमला तुम्खेवा
  रङ्गीन दुनियाँको कालो रूप
- *सैलुन व्यवसायमा महिला* — रीता गुरुङ
  सोच ठूलो भए काम सानो हुँदैन
- *कानुनले होइन शिक्षाले हट्दै छ छुवाछूत* — गंगा न्यौपाने
  दलित समुदायकै अनुभव
- *घरेलु हिंसाले तोड्यो नाता* — सीता शर्मा
  बढ्दैछ सम्बन्धविच्छेद




सञ्चारिका समूह/नेपाल

# राजनीतिमा महिला सहभागिता

*राजनीतिमा अझै पनि महिला सहभागिता न्यून छ । अझै पनि महिलालाई राजनीतिमा छिर्न र नेतृत्व तहमा पुग्न आफ्नै घरपरिवार र समाज सहयोगी बन्न सकेको छैन । परिवार र समाजको असहयोगले राजनीतिमा लागेका महिलाले कि पलायन हुनुपर्छ कि ठूलै सङ्घर्ष गर्नुपर्छ ।*

✍ **यामु कँडेल**

सुर्खेत/ ठ्याक्कै १८ वर्ष भयो, वीरेन्द्रनगरकी चन्दा खड्काले राजनीतिमा पाइला राखेको । २०४६ को जनआन्दोलनदेखि राजनीतिमा सक्रिय चन्दाले बितेका १८ वर्षमा ठूलै त्याग र सङ्घर्ष गरिन् । त्यही सङ्घर्षको परिणाम हो, हिजोका दिनमा असहयोगी व्यवहार मात्र गरेको समाजले उनलाई सशक्त महिला नेतृका रूपमा पत्याउन थालेको छ । तर, दुःख अझै सकिएका छैनन्, समाजले पत्याइसक्दा पनि घरमा उनलाई त्यो वातावरण अझै मिलेको छैन । उनी राजनीतिमा लागेपछि घर-व्यवहार सम्हालिदिने कोही नहुँदा आर्थिक अवस्था दयनीय भएको छ, घर-व्यवहार पनि लथालिङ्गै छ । उनी भन्छिन्, 'घर-व्यवहार चलाउने मान्छे राजनीतिमा लाग्दा धेरै गाह्रो हुँदोरहेछ, त्यही भएर पनि यो क्षेत्रमा महिला सहभागिता कम भएको हो ।' अब घर-व्यवहारको काम पुरुषले पनि हेर्नुपर्छ । नभए महिला राजनीतिमा आउन सक्दैनन् ।

दाजुको सक्रियता र आफ्नै रुचिले उनलाई राजनीतिमा तानेको थियो । तर, त्यसबेला राजनीतिक गर्नु कम चुनौतीपूर्ण थिएन । राज्यको नेतृत्व तहसम्म पुगेर महिलाले केही गर्नुपर्छ भन्ने अठोट भए पनि परिवार सहयोगी थिएन । परिवार उनलाई राजनीतिमा छिर्न रोक लगाउन चाहन्थ्यो, समाजको व्यवहार र हेराइ पनि उस्तै । त्यसमाथि आफ्नै पार्टीमा समेत महिलालाई हेर्ने दृष्टिकोण सकारात्मक थिएन । पार्टीकै नेताहरू महिलाले पार्टी-कार्यालयमा कूचो लगाउने, नेता आउँदा माला उन्ने काम मात्र गर्नुपर्छ भन्ठान्थे । तर, उनले हिम्मत हारिनन्, घर-समाजले कुरा काट्दाकाट्दै पनि घरको काम भ्याइनभ्याई पार्टीको काममा लागिरहिन् । गरेपछि हुँदोरहेछ, लगातारको त्यही त्यागले अहिले उनी सुर्खेत काङ्ग्रेसको महिला नेतृ बनेकी छिन् । 'मेहनत र त्याग गरेपछि हुनेरहेछ,' सुर्खेत काङ्ग्रेसकी सदस्य चन्दा भन्छिन्, 'महिला सकभर राजनीतिमा नआऊन् भन्ने सोचाइ अझै हटेको छैन, त्यसलाई चिरेर अगाडि बढ्ने हिम्मत आफैं गर्नुपर्छ ।'

यस्तै अनुभव छ, प्रजातान्त्रिक काङ्ग्रेसनिकट महिला सङ्घकी जिल्ला अध्यक्ष देवकुमारी रोकायाको पनि । राजनीतिमा लागेर उनले जति मानसम्मान पाएकी छिन्, त्यत्तिकै दुःख-कष्ट भोग्नुपरेको अनुभव पनि छ । पञ्चायतकालमा पार्टी प्रतिबन्धित हुँदा भूमिगत राजनीति गर्नुपर्‍यो । आफूले भोगेको दुःख त छँदैछ, घरपरिवार र समाजले 'पैसा पाएर हिँड्छेस् कि त्यत्तिकै काम नपाएर हिँडेको'सम्म भन्थे । घरपरिवार र समाजबाटै यस्तो व्यवहार भएपछि लुकीछिपी पार्टीकाममा जानुपर्ने बाध्यता थियो । तीन-चार वर्ष त घरबाहिरै बिताउनुपर्ने अवस्था पनि आयो । बालबच्चा छिमेकीको जिम्मा लाएर, कैयौं दिन भोकभोकै रहेर पनि कार्यक्षेत्रमा खट्नुपर्थ्यो । 'बाहिर हिँड्दा कोसँग बस्छे, हिँड्छे भन्दै समाजले कुरा मात्र काट्थ्यो, महिलालाई हतोत्साहित पार्ने काम मात्रै हुन्थ्यो,' उनी अनुभव सुनाउँछिन्, 'तर जति नै दुःख पाए पनि म कहिल्यै हतोत्साहित भइनँ, राजनीतिमा पहुँच बढेपछि मात्रै महिला हकहितका काम गर्न सकिन्छ भन्ने लाग्यो ।'

त्यही मेहनतको परिणाम हो, अहिले उनले जिल्लामा एउटा सशक्त महिला नेतृको छवि बनाएकी

*महिला राजनीतिमा अगाडि आउन नचाहने होइन, उनीहरू नेतृत्व तहसम्मै पुग्ने सोच राखेर राजनीतिमा प्रवेश गर्छन् । तर, परिवार र समाजले सहयोग नगर्दा धेरैजसो महिला यो क्षेत्रमा टिक्नै सक्दैनन्, टिक्नेहरूको पनि दुःख र सङ्घर्षको कहानी लामो छ । त्यस्तै सङ्घर्ष गरेकी छिन् सुर्खेतकी एमाले नेतृ लक्ष्मी शर्माले । झन्डै दुई दसकदेखि राजनीतिमा सक्रिय लक्ष्मीले यहाँसम्म आउँदा थुप्रै बाधा-अवरोध र दुःख-कष्ट सहनुपर्‍यो ।*

*आफ्नै सङ्घर्षले महिलाले राजनीतिक नेतृत्व तहमा स्थान जमाउन थालेका छन् । तर, महिलालाई नेतृत्वमा पु¥याउन अझै सामाजिक वातावरण सहयोगी छैन । त्यो सहयोगी वातावरण बनाउनेतर्फ अब दलको नेतृत्व मात्रै होइन, समाजका अगुवाहरूले पनि ध्यान दिनुपर्ने बेला भइसकेको छ । राजनीतिमा महिला अगाडि आउन पहिला त घरको काममा पनि बाँडफाँड हुनुपर्‍यो । सधैँभरि घरको काम त महिलाको जिम्मा भनेर सोच्ने हो भने फेरि महिलालाई कुनै पनि क्षेत्रमा आउन गाह्रो हुन्छ ।*

छिन् । घरपरिवार र समाज पनि अब सहयोगी बनेको छ । राजनीतिक कार्यक्रम भए काममा अहिले परिवारले नै सघाउँछन्, अनि उनलाई आफ्नो कार्यक्षेत्र जाने फुर्सद हुन्छ । पहिले चिया पनि पकाउन जाँगर नगर्ने घरका मान्छेले अहिले आफैं भात पकाएर खाएको देख्दा खुसी पनि लाग्छ उनलाई । 'अन्यायमा परेका महिलालाई न्याय मिल्दा मैले पनि केही गर्न सकेँजस्तो लाग्छ, तर अझै पनि धेरै महिलाको यसरी हिँड्नसक्ने अवस्था छैन, उनीहरूलाई घरपरिवारले सहयोग गर्नुपर्छ,' २५ वर्ष राजनीतिमा बिताइसकेकी देवकुमारी भन्छिन्, 'घरबाट बाहिर ननिस्केसम्म केही गर्न सकिन्न, महिलाले पनि निस्कने आँट गर्नुपर्‍यो, घरपरिवारले पनि त्यो वातावरण मिलाइदिनुपर्छ ।'

यमुना भण्डारी नेकपा माओवादीकी जिल्ला सदस्य हुन् । जिल्लामा उनको पनि एउटा जुझारु महिला नेतृको पहिचान बनेको छ । तर, उनको राजनीति प्रवेशको कथा भने अलि फरक छ । सङ्कटकालमा सेनाले दाजुलाई पक्राउ गरी बेपत्ता बनाएपछि प्रतिशोधको भावनाले उनी तत्कालीन भूमिगत पार्टी माओवादीमा सामेल हुन पुगिन् । सरकारले 'आतङ्ककारी' घोषणा गरेको पार्टीमा काम गर्नु कम चुनौतीपूर्ण थिएन । समाजले पनि उनलाई हेयको दृष्टिले हेर्थ्यो, भूमिगत राजनीति गर्नुपर्ने भएकाले घरपरिवारसँग भेट्ने मौका पनि नमिल्ने । जनआन्दोलन-२ पछि खुल्लारूपमा राजनीति गर्ने वातावरण बने पनि सामाजिक चुनौती भने अझै नसकिएको उनको बुझाइ छ । 'जे-जस्तो भए पनि अहिले महिला नेतृ भएर हिँड्न पाउने वातावरण बनेको छ, त्यही खुसीको कुरा हो,' भूमिगत भएपछि पढाइ चौपट भएको गुनासो सुनाउने उनी भन्छिन्, 'अब महिला नेतृ भएर महिलाका लागि धेरै गर्नुपर्ने जिम्मेवारी थपिएको छ ।'

सुर्खेतको ग्रामीण भेग उनको कार्यक्षेत्र हो । विगतमा आफ्नो कार्यक्षेत्रमा उनी एक्लो महिला नेतृ थिइन्, दिनरात नभनी काममा खट्नुपर्थ्यो । त्यतिबेला सेनाले घेरा हालेर मार्ने हो कि भन्ने त्रास पनि भइरहन्थ्यो । 'मर्ने-बाँच्ने केही ठेगानै नहुने,' उनी भूमिगत जीवनको अनुभव सुनाउँछिन्, 'त्यतिखेरका दुःख भनेरै साध्य छैन ।' अहिले त्यो दुःख छैन, त्यतिखेर भूमिगत राजनीति गरेको आफ्नै पार्टी सरकारमा छ । तर, महिला मुक्तिका लागि भने केही हुन नसकेको उनको ठम्याइ छ ।

महिला राजनीतिमा अगाडि आउन नचाहने होइन, उनीहरू नेतृत्व तहसम्मै पुग्ने सोच राखेर राजनीतिमा प्रवेश गर्छन् । तर, परिवार र समाजले सहयोग नगर्दा धेरैजसो महिला यो क्षेत्रमा टिक्नै सक्दैनन्, टिक्नेहरूको पनि दुःख र सङ्घर्षको कहानी लामो छ । त्यस्तै सङ्घर्ष गरेकी छिन् सुर्खेतकी एमाले नेतृ लक्ष्मी शर्माले । झन्डै दुई दसकदेखि राजनीतिमा सक्रिय लक्ष्मीले यहाँसम्म आउँदा थुप्रै बाधा-अवरोध र दुःख-कष्ट सहनुपर्‍यो । परिवार सहयोगी थिएन, समाजको त झन् कुरै बेग्लै । राजनीतिमा समयसीमा पनि नहुने भएकाले दिनरात नभनी हिँड्नुपर्ने, तर घरबाट बाहिर निस्कने अनुमति नै थिएन । 'घरबाट बाहिर हिँड्नुपर्‍यो भने कहाँ जान्छे, के गर्छे भन्दै स्पष्टीकरण माग्छन्, सकभर जानै दिँदैनन्,' उनी भन्छिन्, 'तर, जति नै दुःख भए पनि मैले यही क्षेत्र रोजेँ ।' अहिले उनी एमाले निकट महिला सङ्घको जिल्ला उपाध्यक्ष छिन् । राजनीतिमा लागेर घर-व्यवहार चौपट भए पनि उनले समाजमा छुट्टै पहिचान बनाएकी छिन् । 'अहिले पनि घरमा खाना पकाएर र कपडा धोएर मात्रै बाहिर निस्कन पाइन्छ, यति गरेर पनि मैले भ्याएकी छु,' उनी भन्छिन्, 'टिक्न साँच्चै गाह्रो छ, घर-परिवार र समाजको सहयोग नपाए धेरै कष्ट भोग्नुपर्छ ।'

राजनीतिमा महिला सहभागिता बढाउन वकालत गर्दै आएको महिला पैरवी मञ्च सुर्खेतकी अध्यक्ष गीता कोइराला राजनीतिमा महिलाको सहभागिता बढ्नु पितृसत्तात्मक सोचलाई परिवर्तन गर्नु हो भन्छिन् । त्यसका लागि महिला आफैं उठ्नुपर्ने उनको ठम्याइ छ । 'परिवार र समाज त अहिले पनि हाम्रो सहयोगी छैन,' उनी भन्छिन्, 'त्यसलाई चिर्दै अघि बढ्ने साहस आफैंले गर्नुपर्छ ।' त्यही साहसले होला, सुर्खेतमा मुख्य राजनीतिक दलहरूमा महिलाको

सहभागिता बढ्न थालेको देखिन्छ। पार्टीको जिल्ला नेतृत्वमा एमालेमा ४, काङ्ग्रेसमा ३, माओवादीमा ८, जनमोर्चामा ५, प्रजातान्त्रिक काङ्ग्रेस, राप्रपा र नेमकिपामा दुई-दुईजना महिला पुगेका छन्।

आफ्नै सङ्घर्षले महिलाले राजनीतिक नेतृत्व तहमा स्थान जमाउन थालेका छन्। तर, महिलालाई नेतृत्वमा पुऱ्याउन अझै सामाजिक वातावरण सहयोगी छैन। त्यो सहयोगी वातावरण बनाउनेतर्फ अब दलको नेतृत्व मात्रै होइन, समाजका अगुवाहरूले पनि ध्यान दिनुपर्ने बेला भइसकेको छ। राजनीतिमा महिला अगाडि आउन पहिला त घरको काममा पनि बाँडफाँड हुनुपऱ्यो। सधैंभरि घरको काम त महिलाको मात्रै हो भनेर सोच्ने हो भने फेरि महिलालाई कुनै पनि क्षेत्रमा आउन गाह्रो हुन्छ, त्यसमा पनि राजनीतिमा महिला आउन झनै गाह्रो छ। अब सबै काममा महिला र पुरुष बराबर हुनैपर्छ नत्र घरदेखि बाहिरको काम सबै महिलाले गर्न थाले भने उनीहरूको हरेक क्षेत्रमा समान सहभागिता कल्पना गर्न सकिँदैन, त्यसैले आजैका दिनदेखि सबै पुरुषले आफूलाई परिवर्तन गर्न जरुरी छ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सुकुम्बासीको गिट्टी बचत अभियान

*अभाव र गरिबीले मान्छेलाई केही गर्ने उपाय पनि देखाउँछ। दिनभर गिट्टी नकुटेसम्म चुलोमा आगो नबल्ने धरान देवीमार्गका सुकुम्बासीले त्यही अभावकै बीच सुरु गरेको गिट्टी बचत अभियानले उनीहरूको अभाव मात्रै टरेको छैन, आर्थिक र सामाजिक हैसियत पनि उकासेको छ।*

✍ मनिता चाम्लिङ

**सुनसरी**/ अलि हुनेखानेहरू भविष्यका लागि भनेर आम्दानीको केही हिस्सा बचाएर बैंकमा बचत गर्छन्। साँझ-बिहानको छाकै टार्न धौ-धौ हुनेका लागि भने बचत सोचाइभन्दा पनि टाढाको कुरा हो। तर, गरेपछि हुँदोरहेछ, दुई छाक जुटाउन धौ-धौ पर्ने धरानका सुकुम्बासीले त्यही अभावकै बीच समुदायका लागि गतिलो काम गरेर देखाएका छन्। आफ्नो जायजेथा केही नभएका र खोलाकिनारमा गिट्टी कुटेर जीविकोपार्जन गर्ने धरान देवीमार्गका ६१ घरका सुकुम्बासीले त्यही गिट्टी बचत गर्ने काम सुरु गरेका छन्। उनीहरूले सिङ्गो समुदायको हैसियत मात्रै बदलेका छैनन्, सामाजिक कार्यको राम्रो उदाहरण पनि देखाएका छन्।

देवीमार्गका सुकुम्बासीसँग सम्पत्तिका नाउँमा रिङ र ह्याम्मर मात्रै छ जो गिट्टी कुट्न चाहिन्छ। हरेक दिन एकाबिहानै उनीहरू त्यही बोकेर खोलाकिनारको बगरमा पुग्छन्। साँझ पाँच बजेसम्म हात खियाउँदै गिट्टी कुटेपछि उनीहरूको चुलोमा आगो बल्छ। सम्पत्ति केही छैन, त्यसैले पेट भर्न गिट्टी कुट्नुपर्ने यो समुदायको पुर्ख्यौली पेसाजस्तै हो। गिट्टी कुटेर जीविकोपार्जन गर्ने उनीहरूबीच गजबको सामूहिक एकता र तालमेल छ।

*सुकुम्बासी परिवारले आफ्नो मात्रै फाइदा हेरेका छैनन्, समुदायकै लागि केही गर्नुपर्छ भन्ने सोचाइ पनि राखेका छन्। गिट्टी जम्मा गर्दै बचत गरेको पैसाले गाउँमा सार्वजनिक टेलिफोन सञ्चालन गरेका छन्। यो टेलिफोन सञ्चालन गर्न उनीहरूले रु. १० हजार खर्च गरे। समुदायका मानिस भेला हुने एउटै थलो होस् भनेर उनीहरूले समुदायको छुट्टै कार्यालय भवन पनि बनाइसके।*

घरमा अभावै-अभावको पीडा भए पनि समाजका लागि केही गर्नुपर्छ भन्ने सोचाइ पनि छ उनीहरूमा। र, त्यसैको सुरुवात उनीहरूले सामूहिक बचतबाट सुरु गरेका छन्, त्यो पनि गिट्टीका टुक्राको बचत। कुटेको गिट्टीबाट अलिअलि गर्दै बचत गरी एक ठाउँ थुपार्छन्,

त्यो जम्मा हुँदै एक ट्रक पुगेपछि बेच्छन् । एक ट्रक गिट्टीको मूल्य २ हजार ५ सय पर्छ ।

यसरी सङ्कलन भएको रकम उनीहरू समूहमा जम्मा गर्छन्, समुदायमा कसैलाई गाह्रोसाह्रो परे २ प्रतिशत ब्याज लिएर रु. १ हजार ५ सयदेखि रु. २ हजारसम्म ऋण दिन्छन् । ६० वर्षे वृद्धा जसमाया तामाङ भन्छिन्, 'आफ्नै परिश्रमले बचाएको पैसा चाहिएको बेला चलाउन पाउँदा खुसी लाग्छ ।' गिट्टी बचतबाट सुरु गरिएको यो उदाहरणीय कामले सुकुम्बासी बस्तीमा साँच्चै ठूलो राहत दिएको छ । कोही बिरामी वा त्यस्तै अत्यावश्यक काम पर्दा समस्या टार्न सजिलो भएको छ ।

तर, यी सुकुम्बासी परिवारले आफ्नो मात्रै फाइदा हेरेका छैनन्, समुदायकै लागि केही गर्नुपर्छ भन्ने सोचाइ पनि राखेका छन् । गिट्टी जम्मा गर्दै बचत गरेको पैसाले गाउँमा सार्वजनिक टेलिफोन सञ्चालन गरेका छन् । यो टेलिफोन सञ्चालन गर्न उनीहरूले रु. १० हजार खर्च गरे । समुदायका मानिस भेला हुने एउटै थलो होस् भनेर उनीहरूले समुदायको छुट्टै कार्यालय भवन पनि बनाइसके । जसले गर्दा उनीहरूलाई काम गर्न सजिलो भएको छ । गाह्रो-साह्रो परेकालाई ऋण दिएर पनि समूहमा अझै रु. ३० हजार नगद बचत छ । ४६ वर्षीया देवकुमारी दाहाल भन्छिन्, 'दुःख-बिमार हुँदा, काजकिरिया, विवाह, चाडपर्वका बेला खर्च गर्न समस्या पर्दा कसैको मुख ताक्नुपर्दैन, समूहले सहयोग गर्छ, हामीलाई धेरै सजिलो भएको छ ।'

यी सुकुम्बासीले धेरै दुःखकष्ट भोगेका छन् । दुःखका दिन सम्झँदा अहिले पनि कहाली लागेर आउने उनीहरू बताउँछन् । कुनै दिन यस्तो थियो कोही सिकिस्त बिरामी भइहाले एम्बुलेन्स बोलाउने पैसा हुँदैनथ्यो, समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्था थियो । दुई-चार पैसा ऋण सहयोग माग्दा कसैले पत्याउँदैनथ्यो, हुनेखानेहरू सुकुम्बासी सहयोग माग्न आए भने ढोका थुनेर बस्थे । एकजना वृद्ध भन्छन्, 'आफू निरीह भएपछि कसैले नपत्याउने रहेछन् ।' तर अहिलेको अवस्था धेरै फरक छ, आइपरेका जस्तासुकै समस्या पनि सजिलै टर्छन् । सामान्य समस्याले अहिले उनीहरूलाई अत्याउँदैन । आफूसँग जे छ त्यो बचत गर्ने हो भने मानसिक गरिबीबाट पनि मुक्त हुन सकिन्छ भन्ने उदाहरण बनेका छन्, धरानका यी सुकुम्बासी । गिट्टी बचत गरेर सुरु गरेको अभियानले उनीहरूमा यो आँट र परिवर्तन आएको हो ।

अभाव, गरिबी र अशिक्षाले सताइएका देवीमार्गका सुकुम्बासीले यसअघि पनि हरेक दिन भोग्नुपर्ने आर्थिक समस्या टार्न थुप्रै प्रयास गरेका हुन् । सुरुमा उनीहरूले दैनिक एक मुठी चामल बचत गर्ने निधो गरे । तर एकछाक मीठो खानसमेत नपाउने परिवारले चामल बचत गर्नसक्ने कुरै थिएन, उनीहरूको त्यो प्रयास त्यसै खेर गयो । त्यसपछि एक्लाएक्लै कुटेको

*यी सुकुम्बासीले धेरै दुःखकष्ट भोगेका छन् । दुःखका दिन सम्झँदा अहिले पनि कहाली लागेर आउने उनीहरू बताउँछन् । कुनै दिन यस्तो थियो कोही सिकिस्त बिरामी भइहाले एम्बुलेन्स बोलाउने पैसा हुँदैनथ्यो, समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्था थियो । दुई-चार पैसा ऋण सहयोग माग्दा कसैले पत्याउँदैनथ्यो, हुनेखानेहरू सुकुम्बासी सहयोग माग्न आए भने ढोका थुनेर बस्थे ।*

गिट्टी बेचेर आएको पैसामध्ये हप्ताको रु. पाँच बचत गर्ने प्रयास गरे, त्यो पनि सफल भएन ।

त्यसैबेला पिछडिएका समुदायका लागि कार्यरत केही संस्थाले समुदायको समस्या समाधान गर्ने सवालमा प्रशिक्षण सुरु गरे । सुकुम्बासी महिलालाई पनि त्यसमा सहभागी गराइयो । समुदायको समस्या टार्न गृहिणीहरू भेला भएर छलफल गरे । सामाजिक कार्यकर्ता दीपकला राई र समूहकी अध्यक्ष देवकुमारी दाहालले आफूले कुटेका गिट्टीबाट केही बचत गर्ने र धेरै भएपछि बेचेर नगद जम्मा गर्न सकिने उपाय निकाले । यो उपायमा सबैको चित्त बुझ्यो, सबैलाई समूहमा आबद्ध गरियो र सुरु भयो गिट्टी बचत अभियान । हरेक साता बचत भएको गिट्टीको परिमाण बढ्दै गयो । दाहाल भन्छिन्, 'अब हामी आफ्ना समस्या आफैं सुल्झाउँछौं, अरूबाट सहयोग माग्दा वचन खानुपर्ला भन्ने पीर छैन ।' उनले गिट्टी कुटेर दुई छोरा पढाएकी छिन्, जेठो छोरा एसएलसी गरी सेनामा भर्ती भएका छन् । र, कान्छो क्याम्पस पढ्दैछन् । एउटा परिवारको अवस्थामा मात्रै होइन, समुदायकै अवस्था सुध्रिएको छ अहिले । समाजसेवी जसबहादुर राई भन्छन्, 'पहिले आगलागी हुँदा दमकल आउँदैनथ्यो, बिरामी हुँदा एम्बुलेन्स पुग्दैनथ्यो, अहिले फोन गाउँमै भएपछि एकैछिनमा सबै आइपुग्छन् ।' सुकुम्बासी महिला आफैंले बनाएको सामुदायिक भवनमा भेला भई आइपरेका समस्या सामूहिक छलफलबाट सुल्झाउँछन् । र, आर्थिक योजना पनि बनाउँछन् ।

माथिसम्म पहुँच नभएकाले यहाँ सरकारी निकायको पनि ध्यान पुगेको छैन । विकास त यहाँका मानिसले देख्नै पाएका छैनन् । तर, आफ्नै पहलमा

उनीहरूले सरकारको त्यो बेवास्तालाई चुनौती दिएका छन् । पहिला अधिकांश बालबालिका पढ्न जाँदैनथे, 'पढेर गिट्टी कसले कुटिदिन्छ र ?' भन्थे अभिभावक । अहिले यहाँका सबै बालबालिका विद्यालय जान्छन् । दीपकला राई भन्छिन्, 'छोराछोरी पढाउनुपर्छ भन्ने चेतना सबैमा आएको छ ।' अभिभावक छोराछोरीलाई मात्र स्कुल पठाउँदैनन्, आफैं पनि अनौपचारिक कक्षामा सहभागी भएका छन् । यसले समुदायको चेतनास्तर बढाउन सघाएको छ । यहाँका मानिस सामूहिक बचतसँगै व्यक्तिगत बचत बढाउन पनि लागेका छन् । महिला समूहकी सचिव ५० वर्षीया कृष्णमाया न्यौपाने भन्छिन्, 'सामूहिक बचत गर्ने बानी बसेपछि घरमा पनि बचत गर्न थालेका छौं ।'

धरान र आसपासका देउराली बस्ती, फोकल्यान्ड टापु, तिनकुने, अरुणटोल, बगरकोटलगायत ४० भन्दा बढी सुकुम्बासी बस्तीमा बसोबास गर्ने सुकुम्बासीको बाँच्ने आधार भनेकै गिट्टी कुट्ने काम हो । गिट्टी कुटेरै जीवन धानेका देवीमार्गका सुकुम्बासीले त्यही गिट्टी बचतबाट सुरु गरेको बचत गर्ने बानीले उनीहरूको आर्थिक र सामाजिक हैसियत नै उकासेको छ । अब अरूले पनि देवीमार्गका यी सुकुम्बासीकै उदाहरणीय कामको सिको गर्ने कि ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कहाँ छ त ३३ प्रतिशत महिला सहभागिता ?

*संसद्ले राज्यका हरेक क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य हुनुपर्ने घोषणा गर्दै त्यो व्यवस्था अन्तरिम संविधानमै सुनिश्चित गऱ्यो । तर, त्यसपछिका संसद्, सरकार र राजनीतिक दलहरूका संरचना र कार्यशैली हेर्दा महिला सहभागिताको यो महत्वपूर्ण सवाल कार्यान्वयन भएको देखिएन । संसद्, सरकार र दल आफैंले गरेको ऐतिहासिक निर्णय लागू नगरेर बारम्बारको प्रतिबद्धता र कानुनी व्यवस्थाकै उपहास गरेका छन् ।*

✍ **शारदा रिजाल**

**काठमाडौं**/ पुनर्स्थापित संसद्ले डेढ वर्षअघि नै राज्यको नीति-निर्माण तहदेखि सबै निकायमा ३३ प्रतिशत महिला सहभागिता ग्यारेन्टी गर्ने जरुरी सार्वजनिक महत्वको प्रस्ताव पारित गऱ्यो । प्रस्ताव पारित भएपछि राज्यको साधन, स्रोत, शक्ति र अधिकारको बाँडफाँडमा समेत महिलाको स्थान र भूमिकालाई महत्वका साथ हेर्न थालिएको छ । तर, संसद्ले सर्वसम्मत रूपमा महिलाका सवालमा गरेको महत्वपूर्ण निर्णय व्यवहारमा कार्यान्वयन गर्न सरकार पूरै चुकेको छ । संसद्को निर्णय कार्यान्वयनमा सरकारी चासो पनि देखिएन ।

जनआन्दोलनका बलमा पुनर्स्थापित संसद् र त्यसपछिको गठबन्धन सरकारले यस्ता थुप्रै ऐतिहासिक निर्णय गरेको थियो । महिलाका लागि गरिएको १६ जेठ, २०६३ को प्रतिनिधिसभा घोषणा र अन्तरिम संविधान, २०६३ मा मौलिक हकअन्तर्गत 'महिला हकको व्यवस्था' उल्लेख छ । त्यसपछि पनि सरकारले दर्जनौं आयोग, समिति र कार्यदल गठन गरेको छ, तर तिनमा महिला प्रतिनिधित्व भाग पुऱ्याउन अथवा पछि उठ्ने आवाज

*सरकारले गठन गरेका आयोग र समितिलाई हेर्ने हो भने पनि महिलाका पक्षमा भएका निर्णय र घोषणा कति कार्यान्वयन भए भन्ने प्रष्ट हुन्छ । जनआन्दोलनमा भएको क्षति र दोषी पत्ता लगाउन गठित कृष्णजंग रायमाझी आयोग र शाही आयोगका ज्यादती छानबिन गर्न बनेको आयोगमा महिला नै राखिएन । तराईका विभिन्न जिल्लामा भएका हिंसात्मक घटना छानबिन गर्न सर्वोच्च अदालतका न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा गठित जाँचबुझ आयोगमा पनि महिला परेनन् ।*

*संसद् आफैंले राज्यका हरेक नीति-निर्माण तहमा ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था त गऱ्यो तर संसद्भित्रकै आन्तरिक संरचना हेर्दा संसद्को घोषणालाई गिज्याइरहेझैं लाग्छ । यसअघिको पुनर्स्थापित संसद्को १३ वटा संसदीय समितिका अध्यक्षमा जम्मा दुईजना महिला थिए । यसमा पनि सुरुमा एकजना पनि महिला थिएनन् ।*

मत्थर गर्ने गरी मात्र भएको छ । अर्थात् ती सबैमा महिलाको सहभागिता झारा टार्ने खालको मात्र देखिन्छ । केहीमा देखाउने सहभागिता मात्र गराइएको छ, केहीमा त्यही पनि छैन । अन्तरिम संविधान २०६३ को भाग ३ धारा २० मा मौलिक हकका रूपमा 'महिला हक'लाई व्याख्या गरिएको छ । संविधानले महिला अधिकारको पक्षमा गरेको यो व्यवस्था नेपाली महिलाले यसअघि कहिल्यै नपाएको उपलब्धि हो । तर, त्यही संविधानको मस्यौदा तयार गर्न गठित मस्यौदा समितिमा महिला परेनन्, अधिकारकर्मीको व्यापक दबाबले चारजना महिला त थपिए तर, त्यहाँ पनि उनीहरूको भूमिका खोजिएन । माओवादी शान्ति प्रक्रियामा आएपछि जारी आचारसंहिता अनुगमन गर्न गठित २४ सदस्यीय समितिमा दुई मात्र महिला सदस्य राखिए । मुलुकको भविष्य फेर्ने अचुक अस्त्र मानिएको संविधानसभा निर्वाचनमा ३३ प्रतिशत महिलाको परिणाममै सहभागिता नभई उम्मेदवारीको मात्र ग्यारेन्टी गरेर संसद्को घोषणालाई सरकारले ठाडै इन्कार गरेको छ ।

विधायक उमा अधिकारीकै भनाइमा डेढ वर्ष पहिले संसद्ले न्यूनतम एकतिहाई महिला राज्यका हरेक तहमा हुनुपर्छ भनेर निर्णय गरे पनि त्यो कार्यान्वयन भएन । महिला अधिकारवादी तथा अधिवक्ता सपना मल्ल प्रधानकै शब्दमा संसद्को घोषणा विधायकको सर्वसम्मत घोषणा मात्र हो र यसको कुनै कानुनी वैधता नभएकाले कार्यान्वयनमा बाध्य पार्न सकिँदैन । सभामुख सुवास नेम्वाङ भन्छन्, 'अन्तरिम संविधानमा भएको ऐतिहासिक व्यवस्था र संविधानसभा निर्वाचन ऐनमा बढी महिला प्रतिनिधित्व गराउन भएको व्यवस्थालाई त्यही घोषणाको उपलब्धिका रूपमा लिनुपर्छ ।'

सरकारले गठन गरेका आयोग र समितिलाई हेर्ने हो भने पनि महिलाका पक्षमा भएका निर्णय र घोषणा कति कार्यान्वयन भए भन्ने प्रष्ट हुन्छ । जनआन्दोलनमा भएको क्षति र दोषीबारे छानबिन गर्न गठित कृष्णजंग रायमाझी आयोग र शाही आयोगका ज्यादती छानबिन गर्न बनेको आयोगमा महिला नै राखिएन । तराईका विभिन्न जिल्लामा भएका हिंसात्मक घटना छानबिन गर्न सर्वोच्च अदालतका न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा गठित जाँचबुझ आयोग, रौतहटको गौर घटना जाँचबुझ आयोगमा पनि महिला परेनन् । सर्वोच्चका पूर्वन्यायाधीश अर्जुनप्रसाद सिंहको अध्यक्षतामा बनेको निर्वाचन क्षेत्र निर्धारण आयोगमा चाहिं एक महिला सदस्य डा. सुनीति श्रेष्ठलाई राखिएको थियो । गएको १८ असारमा बसेको मन्त्रिपरिषद्ले राष्ट्रिय दलित आयोगमा १६ सदस्यमध्ये चार महिला, संवैधानिक परिषद्ले सूचना आयोगका तीन सदस्यमध्ये एक महिला सविता भण्डारी बरालको नाम सिफारिस गर्नुलाई सकारात्मक मान्न सकिन्छ । तर, राधेश्याम अधिकारीको अध्यक्षतामा गठित उच्चस्तरीय मिडिया सुझाव आयोगका १३ सदस्यमध्ये सञ्चारिका समूहको तर्फबाट एकजना बबिता बस्नेत थिइन् ।

सरकारले हरेक तहमा समानुपातिक रूपमा महिलाको प्रतिनिधित्व हुने प्रतिबद्धता बारम्बार गरे पनि आफैंले बनाएका आयोग, समितिमा महिला सहभागिता नहुनु लाजमर्दो रहेको भनाइ बस्नेतको छ । मिडिया सुझाव आयोगसँगै सञ्चार क्षेत्रसँग सम्बन्धित आधा दर्जन कार्यदल र समिति बनेका छन् । नागरिकको सुसूचित हुने हकको संरक्षण र प्रचलनका लागि सूचनाको हकसम्बन्धी विधेयक मस्यौदा तयार गर्न २०६३ असोज १ को मन्त्रिपरिषद्को निर्णयले कानुनविद् काशीराज दाहालको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन भएको थियो । तर, यो कार्यदलमा पनि एकजनाभन्दा बढी महिला परेनन् । त्यसपछि श्रमजीवी पत्रकारसम्बन्धी ऐन विधेयक मस्यौदा कार्यदलमा पनि एकजना महिला मात्र सहभागी गराइयो । त्यस्तैगरी मन्त्रिपरिषद्ले सरकारी सञ्चारमाध्यमको स्वायत्तताका लागि बनाएको उच्चस्तरीय आयोगमा पनि एकजना महिला राख्यो । दसजनाको आयोगमा सञ्चारिका समूहको तर्फबाट निर्मला शर्मा एकजना मात्र महिला सदस्य थिइन् । यसअघि बनाएको श्रमजीवी पत्रकार पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समितिमा १३ सदस्यमध्ये दुईजना महिला थिए । यो पनि सञ्चारिका समूहको दबाबपछि मात्र महिला थपिएको हो । अहिले यो समिति विघटन भइसकेको छ । यसमा पनि सुरुमा एकजना पनि महिला राखिएको थिएन । राष्ट्रिय प्रसारण प्राधिकरणसम्बन्धी विधेयक तर्जुमा गर्न सञ्चार मन्त्रालयले तपनाथ शुक्लको संयोजकत्वमा गठन गरेको कार्यदलमा एकमात्र महिला परिन्, मन्त्रालयकै प्रभा पाण्डे । यसले सञ्चारमाध्यममा महिला सहभागिता बढ्दै गए पनि निर्णय तहमा भने महिलाको पहुँच र भूमिका एकदमै न्यून देखाउँछ । आयोग र समितिको मात्र के कुरा, लोकतन्त्र बहालीपछि विभिन्न सरकारी

सञ्चारमाध्यमको माथिल्लो तहमा समेत महिलालाई स्थान दिइएन । प्रेस काउन्सिलको १३ सदस्यीय बोर्डमा एकजना मात्र डा. ज्ञानु पाण्डे छिन् । सरकार नियन्त्रित रासस, गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपालको बोर्डमा महिला सदस्य एउटै परेनन् । चलचित्र विकास बोर्डमा भने एकजना विपना थापाले सबै महिलाको प्रतिनिधित्व गर्नुपरेको छ । यसरी बनेको समितिमा एक वा दुई महिला राख्ने काम मात्र भएको देखिन्छ । यसो गर्दा कसरी भयो समानुपातिक प्रतिनिधित्व ?

नेपाल पत्रकार महासङ्घका महासचिव महेन्द्र बिष्ट सञ्चार क्षेत्रमा महिलाको सङ्ख्या बढ्दै गए पनि निर्णायक तहमा उनीहरूको भूमिकालाई पूरै बेवास्ता गरिनु पुरुषवादी सोचको अन्त्य नहुनुको प्रमाण ठान्छन् । आठदलीय गठबन्धन सरकारको महत्वपूर्ण विदेश भ्रमणमा पनि महिलालाई भाग पुऱ्याउन मात्र राखिएको देखिन्छ । जनआन्दोलन लगत्तैको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पहिलो भारत भ्रमण होस् वा सार्क सम्मेलनमा महिलाको सहभागिता एकदमै न्यून रह्यो, प्रधानमन्त्रीको भारत भ्रमणको ३० सदस्यीय प्रतिनिधिमण्डलमा २ जना महिला मात्र थिए भने गएको चैत २० र २१ मा सम्पन्न सार्क सम्मेलनमा पनि परराष्ट्रमन्त्री सहाना प्रधान र प्रधानमन्त्री पुत्री सुजाता कोइरालाले सबै महिलाको प्रतिनिधित्व गर्नुपऱ्यो । संविधानसभा निर्वाचन मुखैमा आइसक्दा जनजाति र आन्दोलनरत विभिन्न पक्षसँग वार्ता गर्न बनेको सरकारी टोलीमा पनि महिला छैनन् । मन्त्रिपरिषद्अन्तर्गत बनेका कतिपय समितिमा मन्त्रिपरिषद्कै महिला सदस्यलाई पाखा लगाइएको छ । माओवादीका तर्फबाट सरकारमा सहभागी आवास तथा भौतिक योजनामन्त्री हिसिला यमी मुलुक ऐतिहासिक परिवर्तननतिर लम्किरहेको बेलामा पनि राज्यको स्रोत, शक्ति र अधिकारबाट महिलालाई पाखा पारिनु युगौंदेखिको महिलामाथिको शोषणको अर्को स्वरूप भएको बताउँछिन् । भन्छिन्, 'संविधानसभापछि राज्य पुनर्संरचनाको मुद्दामा केन्द्रित हुन्छ अनि मात्र राज्यको हरेक तहमा जातीय, लिङ्गीय र क्षेत्रीय प्रतिनिधित्व सुनिश्चित हुन्छ ।'

संसद् आफैंले राज्यका हरेक नीति-निर्माण तहमा ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था त गऱ्यो तर संसद्भित्रकै आन्तरिक संरचना हेर्दा संसद्को घोषणालाई गिज्याइरहेझैं लाग्छ । यसअघिको पुनर्स्थापित संसद्को १३ वटा संसदीय समितिका अध्यक्षमा जम्मा दुईजना महिला थिए । यसमा पनि सुरुमा एकजना पनि महिला थिएनन् । अहिले संसद्का सातवटा विशेष समिति र १४ वटा समितिमध्ये लेखा समितिबाहेक अन्य समिति अध्यक्षविहीन छन् । लेखा समितिको अध्यक्ष पनि पुरुष नै छन् । पार्टीहरूले पनि ३३ प्रतिशतको अवधारणा कुनै संरचनामा लागू गरेका छैनन् । 'एकातिर देखाउने दाँत अर्कोतिर चपाउने दाँत, महिलाका बारेमा पपुलर कुरा गरेर सांसदलाई टेबुल ठोक्न मात्र लगाए । त्यो कुरा सरकार, दल कसैले लागू गरेनन्,' प्रजातान्त्रिक काङ्ग्रेसकी नेतृ उमा अधिकारी भन्छिन् ।

कागजी घोषणा र दस्तावेज बनाएर मात्र देशमा युगान्तकारी परिवर्तन सम्भव छैन । संसद्को घोषणा र सरकारले गरेका केही महत्वपूर्ण निर्णयमा महिला प्रतिनिधित्वको विषयलाई प्राथमिकतामा पारिएको छ । राज्य पुनर्संरचनाका लागि महत्वपूर्ण मानिएको संविधानसभामा केही कानुनी कमजोरीलाई ख्याल नगरी राजनीतिक दलहरू उदार हुने हो भने महिला समावेशीको अवधारणाले व्यवहारमै मूर्त रूप लिनेमा शङ्का छैन । निर्णय गर्ने तर त्यसको कार्यान्वयन पन्छाउने परिपाटीको अन्त्य नभएसम्म जति नै ऐतिहासिक घोषणा गरे पनि त्यसको कुनै अर्थ रहँदैन । त्यसैले हौसिएर निर्णय गर्ने मात्रै होइन, त्यसको कार्यान्वयनमा राज्यको नीति-निर्माण तहदेखि राजनीतिक दल र नागरिक समाजसमेत संवेदनशील र गम्भीर हुन जरुरी छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# आर्थिक शोषणमा महिला कलाकार

*हेर्दा नाम र दाम दुवै देखिए पनि नेपाली चलचित्र क्षेत्रमा कार्यरत महिला कलाकार समस्यै-समस्याले ग्रस्त छन् । काम गरेबापतको पारिश्रमिक पनि नपाउनेजस्तो आर्थिक विभेद र शोषण महिला कलाकारले नै भोग्नुपरेको छ । रङ्गीन दुनियाँभित्रका यस्ता कुरा बाहिर कमै आउँछन् । आर्थिक शोषणमा पर्दापर्दै पनि उनीहरू अर्को फिल्म नपाइएला भन्ने डरले चुपचाप सहेर बस्ने गर्छन् । चलचित्रकर्मीकै सङ्घसङ्गठनले पनि कलाकारको हितमा आवाज उठाउन सकेका छैनन् ।*

✍ **बिमला तुम्खेवा**

*एउटै चलचित्रमा पुरुष र महिला कलाकारबीच विभेदको ठूलो खाडल छ । पुरुषहरू एउटै चलचित्रबाट रु. २ लाखसम्म पारिश्रमिक लिन्छन् तर, महिलाले रु. १ लाख पाए पनि धेरै हो । चर्चित नायिका मेलिना मानन्धरले 'लगनगाँठो'मा २५ हजार मात्र पारिश्रमिक पाइन् भने कृष्ण मल्लले त्यही फिल्मबाट १ लाख २५ हजार हात पारे । 'पुरुषलाई फिल्ममा खेल्नुअघि तपाईं कति पैसा लिनुहुन्छ भनेर सोध्ने चलन छ तर महिलालाई भने यति पैसामा खेलिदिनुस् है भनेर कर गरिन्छ ।'*

**काठमाडौं**/ त्रिचालीस वर्षअघि भुवन चन्दले नेपाली चलचित्र क्षेत्रमा पाइला राख्दा महिला सहभागिता शून्यजस्तै थियो । न त दरिलो आर्थिक आर्जन थियो न चर्को प्रतिस्पर्धा । २०२२ सालमा सरकारी पहलमा बनेको 'हिजो, आज र भोलि' नामक चलचित्रमा नायिका भएर अभिनय गर्दा उनले जम्मा रु. ५ हजार पारिश्रमिक पाएकी थिइन् । अहिले त्यो अवस्था बदलिएको छ । अहिलेकी चर्चित नायिका रेखा थापा र विपना थापासँग प्रतिस्पर्धा पनि चर्को छ, एउटै चलचित्र खेलेबापत उनीहरू रु. १ लाखसम्म पारिश्रमिक लिन्छन् ।

दाम र नाम दुवै भएकाले पछिल्लो समयमा चलचित्र क्षेत्रप्रति नेपाली युवापुस्ताको आकर्षण बढ्दो छ । तीन दसकअघि वैकल्पिक पेसा नभए चलचित्र खेलेर मात्र जीवन गुजारा गर्न सक्ने अवस्था थिएन । अझ महिला कलाकारका लागि त त्यो असम्भव जस्तै नै थियो । आर्थिक सङ्कट मात्रै होइन, मानसिक तनाव र सामाजिक समर्थन पाउन पनि गाह्रो थियो । किनभने चलचित्रमा लागेका महिला कलाकारलाई हेर्ने सामाजिक दृष्टिकोण सकारात्मक थिएन । तर अहिले अवस्था बदलिएको छ, चलचित्रको पारिश्रमिकले धेरैको जीवनयापन नै चलेको छ । यही कारण हुनुपर्छ, यस क्षेत्रमा महिलाको आकर्षण बढेको पनि छ ।

तर, अन्य क्षेत्रजस्तै चलचित्र क्षेत्रमा पनि महिलालाई दोस्रो दर्जामा राखेर हेर्ने चलन हटेको छैन । बेलामा पारिश्रमिक नदिने र दिँदा पनि एकमुष्ट नदिने महिला कलाकारको साझा समस्या हो । अर्थात् अर्को शब्दमा भन्नुपर्दा महिला कलाकार चलचित्र क्षेत्रमा चरम आर्थिक शोषण खेपिरहेका छन् । २०२१ सालदेखि चलचित्र क्षेत्रमा संलग्न चरित्र अभिनेत्री लक्ष्मी गिरीको अनुभव पनि त्यस्तै छ । भन्छिन्, 'पारिश्रमिक शोषण गर्ने कुरा निर्मातामा भर पर्छ, सबैलाई एउटै कोटीमा राख्न मिल्दैन तर, धेरैजसोबाट कलाकार पीडित छन् ।' निर्माताले महिला कलाकारलाई पारिश्रमिकमा झुलाइराख्ने, बेलामा नदिने र दिँदा पनि पूरा नदिने गरेको अनुभव छ उनीसँग । ९० भन्दा बढी चलचित्रमा अभिनय गरिसकेकी गिरी थप्छिन्, 'पारिश्रमिक वा अन्य शोषण महिला कलाकारको आफ्नो व्यवहारमा पनि भर पर्छ ।'

पुरुष कलाकारलाई पारिश्रमिक लिन त्यति गाह्रो छैन, तर महिला कलाकारलाई भने सहज छैन । पुरुष कलाकार जुनसुकै बेला जहाँ भेटेर, धम्क्याएर पनि लिनुपर्ने पैसा लिन सक्छन् । तर, महिला कलाकार त्यो आँट गर्दैनन् । अनि निर्माताको पनि मनोबल बढ्छ- महिला त हुन् नि झुलाइराखे पनि के पो गर्लान् र ? भन्ने मानसिकता रहेको गिरी बताउँछिन् ।

*मेहनतको कमाइ पाउनबाटै बञ्चित भई आर्थिक शोषणमा परेका कलाकार कानुनको सुस्त कार्यशैलीका कारण कानुनी प्रक्रियातर्फ जानुभन्दा चुप लाग्ने गर्छन् । अभिनेत्री मिथिला शर्मा भन्छिन्, 'पैसा उठाउन उजुरी हाल्न थाल्यो भने पाउनुपर्नेभन्दा ज्यादा आफ्नै जान्छ, त्योभन्दा यस्ता समस्याबाट पाठ सिकेर फेरि उसको ब्यानरमा काम गर्दा अग्रीम भुक्तानी लिनु राम्रो ।' तर यस्तो समस्या नाम चलेको ब्यानर र निर्माताले भन्दा नयाँ निर्माताले दिने गर्छन् ।*

एउटै चलचित्रमा पुरुष र महिला कलाकारबीच विभेदको ठूलो खाडल छ । पुरुष एउटै चलचित्रबाट रु. २ लाखसम्म पारिश्रमिक लिन्छन् । तर, महिलाले रु. १ लाख पाए पनि धेरै हो । चर्चित नायिका मेलिना मानन्धरले 'लगनगाँठो'मा २५ हजार मात्र पारिश्रमिक पाइन् भने कृष्ण मल्लले त्यही फिल्मबाट १ लाख २५ हजार हात पारे । 'पुरुषलाई फिल्ममा खेल्नुअघि तपाईं कति पैसा लिनुहुन्छ भनेर सोध्ने चलन छ, तर महिलालाई भने यति पैसामा खेलिदिनुस् है भनेर कर गरिन्छ,' चलचित्र सेन्सर बोर्डकी सदस्य सुचित्रा श्रेष्ठ भन्छिन् । चलचित्र निर्देशक तथा कलाकार अशोक शर्माका अनुसार चलचित्रकर्मीका लागि पारिश्रमिकको न्यूनतम कानुनी व्यवस्था र त्यसबारे स्वयम् संस्थागत अवधारणाको कमीका कारण महिला कलाकार पारिश्रमिकबाट बढी पीडित छन् । 'तर पारिश्रमिक समस्या महिला कलाकारको मात्र होइन, पुरुष कलाकारमा पनि उत्तिकै छ,' उनी भन्छन्, 'निर्माताले कुन कलाकारलाई कतिमा सम्झौता गरेको छ भन्नेमा भर पर्छ ।'

चर्चामा रहेका र बजारमा नाम चलेका केही कलाकारका हकमा भने राम्रै छ । तर, त्यस्ता कलाकारको सङ्ख्या औंलामा गन्न सकिने मात्रै छ । 'गर्न सक्यो भने यो पेसामा नाम र दाम दुवै छ,' अहिलेकी व्यस्त नायिका निरुता सिंह भन्छिन्, 'आर्थिक हिसाबले हामीले त्यति समस्या भोग्नुपरेको छैन ।' तर सबै महिला कलाकारमा यो कुरा लागू हुँदैन । नाम चलेकालाई आर्थिक समस्याको पिरलो नभए पनि नयाँ र चर्चामा नआइसकेका कलाकारलाई मेहनत गरेबापतको पारिश्रमिक पाउनु र अझ बेलामा पाउनु ठूलो कुरा भएको छ । चर्चित अभिनेत्री मिथिला शर्मालाई कति निर्माताले अझै पारिश्रमिक दिएका छैनन् । त्यस्ता निर्माताको नाम उल्लेख नगरी उनी भन्छिन्, 'काम गरेपछि पैसा पाउनुपर्ने अधिकार हो हाम्रो तर, भनेर हुँदैन, यसै विषयमा निर्मातासँग सधैं ठाकठुक भइरहन्छ ।'

सानोठूलो गरी करिब पाँच दर्जन चलचित्रमा अभिनय गरिसकेकी चरित्र अभिनेत्री गोमा केसीको गुनासो पनि उस्तै छ । 'निर्माताले कलाकारलाई एकमुष्ट रूपमा पारिश्रामिक नदिनाले पनि कलाकार आर्थिक सङ्कटमा पर्छन्,' उनी भन्छिन् । अभिनेत्री गिरीका भनाइमा, गुणस्तरीय फिल्म नबन्नु र बनेको फिल्मले बजार लिन नसक्नुले पनि कलाकारलाई नै पिरोलेको छ । चलचित्र व्यापारिक रूपमा सफल नभएको बहाना बनाएर निर्माताले कलाकारमै त्यसको भार थोपर्छन् ।

चलचित्र उद्योगमा महिला कलाकार पारिश्रमिकमा ठगिने कुरा नयाँ होइन । तर, कलाकारको स्तरअनुसार उनीहरूका लागि न्यूनतम पारिश्रमिकसहितको कानुनी व्यवस्था गरिनुपर्नेबारे भने अहिलेसम्म कोही पनि गम्भीर बनेको देखिँदैन । कलाकारिता क्षेत्रमा कसैको पनि न्यूनतम पारिश्रमिकको व्यवस्था छैन । चलचित्र विकास बोर्ड वा त्यसलाई नियन्त्रणमा राख्ने सञ्चार मन्त्रालय दुवै निकायले यसप्रति चासो देखाएका छैनन् । कतिसम्म भने चलचित्रकर्मीकै संस्थाहरूसमेत पारिश्रमिकका विषयमा मौन देखिन्छन् । चलचित्र क्षेत्रलाई नियन्त्रण गर्ने सूचना मन्त्रालयअन्तर्गतको सेन्सर बोर्ड, चलचित्र विकास बोर्डलगायतका निकाय कलाकारको समस्या पहिचानतिर भन्दा राजनीतिमा व्यस्त भएको पीडित कलाकारको आरोप छ ।

सबै महिला कलाकारलाई आर्थिक शोषण नहोस् भन्नका निम्ति महिला कलाकार आफैं पनि सङ्गठित हुन जरुरी छ । यस विषयमा मिथिला शर्मा महिला कलाकार सङ्गठित बन्न नसकेको कारण पनि पारिश्रमिक ठगी र शोषणमा परेको धारणा राख्छिन् । 'त्यसमा कलाकारको भूमिका पनि महत्वपूर्ण हुन्छ,' उनी भन्छिन्, 'आफ्नो पारिश्रमिक लिन आफू पनि कडा हुनु जरुरी छ । कतिपय अवस्थामा आफ्नो कमजोरीका कारण पनि शोषण हुन सक्छ ।' निर्देशक समाजअन्तर्गतको न्यायिक समितिले पारिश्रमिकमा किचलो पऱ्यो भनेर उजुरी परेमा मात्र हेर्ने गर्छ, समितिले हालसम्म त्यस्ता सात मुद्दा फैसला गरेको छ । त्यसबाहेक चलचित्र क्षेत्रमा महिला कलाकारले खेप्नुपरेको आर्थिक शोषणबारे कसैले आवाज उठाउने गरेको थाहा छैन ।

मेहनतको कमाइ पाउनबाटै बञ्चित भई आर्थिक शोषणमा परेका कलाकार कानुनको सुस्त कार्यशैलीका कारण कानुनी प्रक्रियातर्फ जानुभन्दा चुप

लाग्ने गर्छन् । अभिनेत्री शर्मा भन्छिन्, 'पैसा उठाउन उजुरी हाल्न थाल्यो भने पाउनुपर्नेभन्दा ज्यादा आफ्नै जान्छ, त्योभन्दा यस्ता समस्याबाट पाठ सिकेर फेरि उसको ब्यानरमा काम गर्दा अग्रीम भुक्तानी लिनु राम्रो ।' तर, यस्तो समस्या नाम चलेको ब्यानर र निर्माताले भन्दा नयाँ निर्माताले दिने गर्छन् । कलाकार सुटिङ गर्दागर्दैको अवस्थामा दुर्घटनामा पर्‍यो भने क्षतिपूर्तिको व्यवस्था छैन, स्थायित्व, रोजगारीको न्यूनतम ग्यारेन्टी, भइपरी आउने समस्याको बारेमा पनि कुनै व्यवस्था छैन ।

प्रष्ट कानुनी व्यवस्था नहुँदा पनि कलाकार मारमा परेका छन् । चलचित्र कलाकार सङ्घले समस्याबारे बारम्बार दबाब दिँदा पनि चासो नदेखाएको भन्दै बसेको छ । पेसागत सङ्घसङ्गठनले पनि केही गर्न नसक्ने देखेपछि कतिपय कलाकार भविष्य असुरक्षित ठानी पलायन हुने क्रम पनि बढ्दो छ । नाम चलेका कलाकार, अझ त्यसमा पनि धेरैजसो महिला कलाकार विदेश पलायन हुने क्रम बढ्दै जानु त्यसैको प्रमाण हो । यस्तै समस्या रहिरहे पलायन हुनेको सङ्ख्या अझ बढ्न सक्छ । नायिका ऋचा घिमिरे आर्थिक विभेद र शोषण अन्त्यका लागि कलाकार एकजुट हुनुपर्ने बेला आइसकेको ठान्छिन् । भन्छिन्, 'अब कलाकार एकजुट भएर अधिकारका लागि आवाज सशक्त पार्न ढिला गर्नुहुँदैन ।'

नेपाली चलचित्र उद्योगमा वर्षेनी करिब रु. १२ करोडमा करिब २० वटा चलचित्र बन्ने गर्छन् । एउटा चलचित्रको लागत कम्तीमा रु. ३५ लाख जति हुन्छ । त्यही रकममा पारिश्रमिकको रकम पनि पर्ने हो । तर, कलाकारले बेलामा पाउनुपर्ने पारिश्रमिक पाउँदैनन् । समाजको दर्पण भनिने चलचित्र उद्योग र त्यसमै आश्रित कलाकार यसरी चर्को आर्थिक शोषणको सिकार भइरहँदा पनि राज्य र उसका निकायहरू चुप लागेर बस्न मिल्दैन । राष्ट्रका गहना कलाकारको हितका लागि राज्यले पनि केही गर्नु जरुरी छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सैलुन व्यवसायमा महिला

*परिश्रम र मेहनत गरे जुनसुकै व्यवसायले पनि आत्मनिर्भर बनाउँछ । तनहुँ, स्याङ्जा र कास्कीका महिलाले हेयर सैलुन व्यवसाय सञ्चालन गरेर आफ्नै खुट्टामा उभिने प्रयास सुरु गरेका छन् । यो व्यवसायबाट महिलाले महिनामा रु. ३ देखि ५ हजारसम्म आम्दानी गर्छन् ।*

✍ रीता गुरुङ

**पोखरा/** केही समयअघिसम्म तनहुँमा अधिकांश हेयर सैलुन पुरुषले मात्रै चलाउँथे । त्यसमा पनि भारतीय पुरुषको बाहुल्य रहेको देखिन्थ्यो । तर, अहिले यो सोचमा परिवर्तन आएको छ । अब किन पुरुष मात्रै ? यो पेसा महिलाले पनि अङ्गाल्न सुरु गरेका छन् ।

'विदेशमा जे पनि गर्न तयार हुने, तर यहाँ यस्तो काम गर्न किन नहुने ?,' तनहुँको सदरमुकाम दमौलीमा महिना दिनदेखि आफैंले हेयर सैलुन चलाएकी रसमाया आले भन्छिन्, 'मलाई त यसबाट हुनसम्म राम्रो भएको छ, दिनभरि घरमा त्यत्तिकै खेर जाने समयलाई सदुपयोग गरी आफ्नै खुट्टामा उभिएकी छु ।'

रसमायाका श्रीमान् विदेशमा छन् । सैलुन खोल्नुअघिसम्म उनको काम दुई छोराछोरीलाई भात पकाएर खुवाउनु र स्कुल पठाउनुमा सीमित थियो । तर, अहिले एकछिन फुर्सदिली छैनन् उनी । छोराछोरीको रेखदेख गर्न पनि उनलाई भ्याइनभ्याई छ । 'एकातिर काम पाएँ,' उनी खुसी हुँदै सुनाउँछिन्, 'अर्को पैसा भएन भनेर घरपरिवार र लोग्नेको मुख ताक्नु नपर्ने भो ।'

*'सुरुमा महिलाले कपाल, दाह्री काट्न थाले भनेर अचम्म मान्थे' दुलेगौंडामा रविना हेयर कटिङ नाम राखेर व्यवसायमा आएकी गोमा गुरुङ भन्छिन्, 'पुरुष अझै पनि ढोकाभित्र पस्दासम्म सङ्कोच मान्छन्, तर दाह्री र कपाल काटिसकेपछि भने खुसी भएर जान्छन् ।'*

रसमायाजस्तै यस पेसामा आबद्ध महिलाको सङ्ख्या तनहुँमा दुई दर्जनभन्दा बढी पुगेको छ । उनीहरूले तनहुँको सदरमुकाम दमौली, दुलेगौंडा,

*कक्षा ८ सम्म पढेर छाडेकी रविना सैलुन खोल्नुअघिसम्म काम नपाएर घरमै बस्थिन् । सैलुन खोलिसकेपछि उनी व्यस्त छिन् । 'गर्न सक्छु भनेर आत्मविश्वास लिएकै कारण यो व्यवसायमा आएकी हुँ,' उनले भनिन्, 'पुरुषले सञ्चालन गरेको सैलुनमा भन्दा हामीले सस्तो सेवा दिएका छौं ।' उनका अनुसार महिलाले चलाएको सैलुनमा कपाल काटेको रु. २० र दाह्री काटेको रु. १० लिन्छन् । तर, पुरुषले चलाएको सैलुनमा कपाल काटेको रु. २५ र दाह्री काटेको रु. १५ तिर्नुपर्छ ।*

स्याङ्जा र कास्कीमा सैलुन खोलेका छन् । 'सुरुमा महिलाले कपाल, दाह्री काट्न थाले भनेर अचम्म मान्थे' दुलेगौंडामा रविना हेयर कटिङ नाम राखेर व्यवसायमा आएकी गोमा गुरुङ भन्छिन्, 'पुरुष अझै पनि ढोकाभित्र पस्दासम्म सङ्कोच मान्छन्, तर दाह्री र कपाल काटिसकेपछि भने खुसी भएर जान्छन् ।'

पहाडी क्षेत्रमा त पुरुष पनि यस्तो व्यवसाय गर्न अझै लाज मान्छन् । किनभने यसलाई तल्लोस्तरको पेसा ठान्ने प्रवृत्ति छ । त्यसमा पनि महिलाले यस्तो व्यवसाय चलाउँदा छरछिमेकमा चर्चा नचल्ने त कुरै भएन । 'तर हामी हरेस खाएका छैनौं,' मासिक रु. तीनदेखि पाँच हजारसम्म आम्दानी हुने बताउँदै दुलेगौंडाकी सरिता क्षेत्रीले भनिन्, 'सीप सिकेर यहीं आम्दानी हुन्छ भने किन नगर्ने ?'

सरिताले अहिले यही व्यवसायबाट दुई छोराछोरी र आफूसहित तीनजनाको परिवार धानेकी छिन् । श्रीमान्ले आत्महत्या गरेपछि उनलाई आर्थिक र मानसिक दुवै पीडा परेको थियो । तर, अहिले उनले सैलुन सञ्चालन गरेपछि भने केही आशा पलाएको छ । अन्नपूर्ण जडीबुडी विकास सहकारी संस्थाको सहयोगमा 'एफ स्किल'बाट सरिताले तालिम लिएकी हुन् । 'यो पेसा सुरु गरेपछि आश जागेको छ,' सरिता भन्छिन्, 'अब दुःखका दिन फेरि नफर्किएलान् ।'

'एफ स्किल' नामक संस्थाले समुदायमा केन्द्रित रोजगारउन्मुख तालिम दिएपछि यहाँका महिला स्वरोजगारमूलक कामतर्फ संलग्न भएका हुन् ।

यस संस्थाबाट नेपालमा ३ सयभन्दा बढी महिलाले तालिम लिइसकेका छन् । तीमध्ये १६ जनाले दुलेगौंडामा सैलुन खोलेका छन् । बाँकी ४ जनाले दमौली र स्याङ्जामा व्यवसाय चलाएका छन् । यो उत्साहका कारण कास्कीको लुम्ले र स्याङ्जाका थप २० जना महिलाले डेढ महिनादेखि तालिम लिइरहेका छन् । तीन महिनाको तालिम लिएपछि उनीहरू पनि सैलुन खोलेर व्यवसाय चलाउने सुरमा छन् ।

रविना हेयर कटिङ स्याउलीबजार दुलेगौंडाकी सञ्चालिका गोमा गुरुङ समाजमा नौलो काम र आत्मनिर्भर बन्ने अठोटका साथ आफू यस व्यवसायमा आएको बताउँछिन् । कक्षा ८ सम्म पढेर छाडेकी रविना सैलुन खोल्नुअघिसम्म काम नपाएर घरमै बस्थिन् । सैलुन खोलिसकेपछि उनी व्यस्त छिन् । 'गर्न सक्छु भनेर आत्मविश्वास लिएकै कारण यो व्यवसायमा आएकी हुँ,' उनले भनिन्, 'पुरुषले सञ्चालन गरेको सैलुनमा भन्दा हामीले सस्तो सेवा दिएका छौं ।' उनका अनुसार महिलाले चलाएको सैलुनमा कपाल काटेको रु. २० र दाह्री काटेको रु. १० लिन्छन् । तर, पुरुषले चलाएको सैलुनमा कपाल काटेको रु. २५ र दाह्री काटेको रु. १५ तिर्नुपर्छ ।

यस्तो तालिम बेरोजगार युवालाई पनि दिइएको छ । तर, युवाहरूले तालिम लिए पनि यस्तो व्यवसाय चलाउन सकेका छैनन् । समाजको सङ्कुचित सोचाइका कारण युवाहरू यस्तो व्यवसायमा नआएको बताउँछन् । तर, युवाहरूको त्यस्तो धारणाप्रति मंगोलियन ब्युटी एन्ड हेन्डसम सैलुन दुलेगौंडाकी पुनम पुनलाई भने चित्त बुझेको छैन । 'हामीलाई पनि समाजले नराम्रो दृष्टिले हेरेका थिए,' उनले भनिन्, 'तर हरेस खाइएन, काम गरेपछि अहिले सबैले राम्रो गर्‍यौ भन्छन् ।'

अहिले उनको सैलुनमा दैनिक कम्तीमा ५/६ जना पुरुष कपाल काट्न आउँछन् । उनको छुट्टै पार्लरसमेत छ । पार्लर र सैलुन दुवै सञ्चालन गर्दा उनले सोचेजस्तै आम्दानी गर्न सकेकी छिन् । 'सुरुमा लाज मानेर आउन गाह्रो मान्थे, हामीलाई पनि अप्ठ्यारो लाग्थ्यो,' अनुभव सुनाउँदै उनी भन्छिन्, 'आजभोलि सामान्य कामजस्तै लाग्छ ।'

सबैभन्दा बढी सैलुन सञ्चालनका लागि तालिम लिने महिला जनकपुर, काठमाडौं, तनहुँको दुलेगौंडा र कास्कीका छन् । तीन सय महिलालाई तालिम दिइसकेकी प्रशिक्षक प्रज्ञा अधिकारी र नवराज नापितको उद्देश्य पनि निम्न आय भएका महिलालाई स्वरोजगारमूलक व्यवसायमा ल्याएर आत्मनिर्भर गराउनु हो । 'किन भारतीय मूलका मानिस मात्रै यस्तो व्यवसायमा लाग्ने ?,' प्रज्ञा भन्छिन्, 'एकातर्फ महिला आत्मनिर्भर बन्ने गर्छन् भने अर्कोतर्फ पैसा पनि विदेसिँदैन ।'

तेह्र वर्षअघि मोरडबाट पोखरा आएकी गीता पाण्डे यही व्यवसाय अङ्गाल्नका लागि अहिले तालिम लिइरहेकी छिन् । जागिर खोज्दा धेरै हन्डर खाएर उनले यो व्यवसायमा आउने सोचाइ बनाएकी हुन् । 'परिवार पाल्नकै लागि यो व्यवसाय गर्न भनी तालिम लिँदैछु,' उनी भन्छिन्, 'साथीभाइको सहयोगले यो व्यवसाय गर्न सक्छु भन्ने लागेको छ ।'

गीताकै जस्तो अवस्थामा रहेकी स्याङ्जाकी शारदा विक पनि अहिले नाबालक छोरालाई गाउँमै छाडी तालिम लिन डेढ महिनादेखि पोखरामै छिन् । पाँच कक्षासम्मको अध्ययन गरेकी शारदा आफ्नो कमाइ नभएसम्म महिला सधैं कमजोर भइरहने बताउँछिन् । आफू आर्थिक रूपले बलियो बन्नका लागि यस पेसाप्रति आकर्षित भएको उनी बताउँछिन् ।

'परिश्रम गरेअनुसार आम्दानी पनि राम्रै हुने हुँदा यो पेसाप्रति आकर्षण बढ्दो छ,' प्रशिक्षक प्रज्ञा भन्छिन्, 'काम सानो र ठूलो हुँदैन, मन लगाएर गऱ्यो भने सानो व्यवसायबाट पनि जीवन धान्न सकिन्छ ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कानुनले होइन शिक्षाले हट्दै छ छुवाछूत

***नेपाली समाजमा जातीय छुवाछूतको समस्या बिस्तारै कम हुँदै गएको छ । दुर्गम बस्ती र अशिक्षित समाजमा छुवाछूतले अझै जरा गाडे पनि सहरिया र शिक्षित समाजमा अब छुवाछूत पाइँदैन । शिक्षा र रोजगारमा पहुँच जमाएका दलित समुदायकै मानिसले अहिले आफूमाथि सम्मानजनक व्यवहार भएको महसुस गर्न थालेका छन् ।***

**✍ गंगा न्यौपाने**

**बाँके**/ नेपालगन्ज भृकुटीनगरकी तुलसा सुनार नौ कक्षामा पढ्थिन् । त्यही बेला साथीको बिहे हुने भयो, बिहेको तयारीमा सघाउन जाँदा उनलाई दुलहीको कोठामा पस्नै दिइएन । बाल्यकालको यो घटनाले उनलाई अहिले पनि झस्काइरहन्छ । 'तल्लो जात' भएकै कारण यो दुर्व्यवहार भोग्नुपरे पनि उनले मन थामिन्, मेहनत गरेर पढिन् र स्टाफ नर्सको पढाइ पूरा गरिन् । अहिले उनी नेपालगन्ज मेडिकल कलेजमा स्टाफ नर्स छिन् । पढेलेखेर जागिर सुरु गरेपछि उनले पहिलेजस्तो हेपिएको महसुस गर्नुपरेको छैन, बरु सम्मान मिलेको छ । 'सानो छँदा नमीठो अनुभव गर्नुपऱ्यो तर, अहिले त्यस्तो केही छैन,' उनी आफ्नो भोगाइ सुनाउँछिन्, 'पढेलेखेर केही गऱ्यो भने हेपिनु पर्दोरहेनछ ।'

शिक्षा र सामाजिक हैसियत बदलिएपछि छुवाछूत हट्दै जाने उनको अनुभव छ । शिक्षित र आफ्नै खुट्टामा उभिनसक्ने बनेपछि उनलाई हेप्ने आँट कसैले गरेको छैन । तर, अशिक्षित र कमजोर आर्थिक अवस्थाका दलितले अहिले पनि छुवाछूतको पीडा भोग्नुपरेको अनुभव उनले गरेकी छिन् । भन्छिन्, 'ममाथि सम्मानित व्यवहार हुन्छ । तर, अस्पतालमा आउने कमजोर आर्थिक अवस्था भएका मानिससँग

*पहिले 'तल्लो जात' भनेर आफ्नै छरछिमेक र समाजले गरेको दुर्व्यवहार आजभोलि भोग्नु नपरेको अनुभव छ, कुमार बैगारसँग । 'अचेल त बाहुन-क्षेत्री पनि हामीकहाँ आउँछन्, सँगै बसेर खान्छन्,' उनी भन्छन्, 'समयसँगै समाज पनि बदलिँदोरहेछ, हिजोका दिन सम्झँदा अचम्म लाग्छ ।'*

स्वास्थ्यकर्मीले नै तल्लोस्तरको व्यवहार गर्छन्, त्यस्तो देख्दा दुःख लाग्छ ।'

पहिले 'तल्लो जात' भनेर आफ्नै छरछिमेक र समाजले गरेको दुर्व्यवहार आजभोलि भोग्नु नपरेको अनुभव छ, कुमार बैगारसँग । 'अचेल त बाहुन-क्षेत्री पनि हामीकहाँ आउँछन्, सँगै बसेर खान्छन्,' उनी भन्छन्, 'समयसँगै समाज पनि बदलिँदोरहेछ, हिजोका दिन सम्झँदा अचम्म लाग्छ ।'

बर्दियाको सानोश्रीका कुमार २ वर्षदेखि बाँकेको रझेनामा बसोबास गरिरहेका छन् । पुर्ख्यौली पेसा गन्धर्व

*शिक्षा र रोजगारमा पहुँच बढ्यो भने दलित समुदायका मानिसले पहिलेजस्तो दुर्व्यवहार र हेला भोग्नु नपर्ने भुक्तभोगीको अनुभवले देखाएको छ । त्यसका लागि दलित समुदायभन्दा बाहिरका मानिसको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । आफू गैरदलित भए पनि छुवाछूत र जातीय भेदभावरहित समाज बनाउन प्रयासरत दियालो परिवारका नन्द देवकोटा नयाँ पुस्तामा जातीय विभेदको सोचाइ हट्दै गएको ठान्छन् ।*

(सारंगी बजाएर पेट पाल्ने) को काम गर्दै आएका उनी अहिले फलफूलको व्यापार गर्छन् । एसएलसीसम्म पढेर आफ्नै व्यवसायमा लागेकाले समाजले आफूलाई राम्रो व्यवहार गर्न थालेको उनको अनुभव छ । 'हामी सानै हुँदा तल्लो जातको भन्दै समाजले हेप्थ्यो,' उनी भन्छन्, 'तर अहिले त्यस्तो छैन, छरछिमेकले पनि कुनै भेदभाव गर्दैनन्, खानपिन, उठबस सँगै गर्न पाइएको छ ।'

नेपाली समाज अझै पनि जातीय आधारमा हुने छुवाछूत र भेदभावबाट मुक्त भइसकेको छैन । आफूलाई 'ठूलो जात' भन्नेहरू अझै दलित समुदायका मानिसलाई अछूत ठान्छन् । कानुनले बर्जित गरे पनि समाजमा जातीय विभेद अन्त्य भइसकेको छैन । तर, समाज शिक्षित बन्दै गएपछि भने त्यो केही हदसम्म कम भएको छ । पढेलेखेका मानिसमाथि जातीय भेदभाव र दुर्व्यवहार रोकिनु त्यसैको उदाहरण हो । यस्तै भोगाइ छ, चर्चित लोकगायक तथा रेडियोकर्मी कमल विके निर्मोहीको पनि । सानोमा उनी आफैंले पनि जातीय छुवाछूत भोग्नुपर्‍यो । तर, अहिले त्यस्तो छैन । भन्छन्, 'अहिले सम्मानजनक व्यवहार हुन्छ, सानो छँदाको घटना सम्झँदा आफैंलाई विश्वास लाग्दैन ।'

समयको परिवर्तनसँगै समाजको सोचाइमा पनि परिवर्तन हुँदोरहेछ । समाज परिवर्तनका लागि भइरहेका विभिन्न सचेतना कार्यक्रमले समाजको सोचाइ बदल्न सघाएका छन् । 'अशिक्षित समाजमा अधिकार खोजेर पनि पाइँदैन,' निर्मोही सुनाउँछन्, 'समाज शिक्षित बन्यो भने सबै कुरा राम्रो हुन्छ, हामी पनि त्यसका लागि आफैं सक्षम बन्नैपर्छ ।' सहरमा अहिले जातीय भेदभाव पूरै नरोकिए पनि धेरै कम भइसकेको छ । तर, गाउँ र दुर्गम क्षेत्रमा भने अहिले पनि छुवाछूतको पीडा उस्तै छ । 'यो शिक्षाले ल्याएको परिवर्तन हो,' निर्मोही भन्छन्, 'यहाँ विभेदविरुद्ध सशक्त आवाज उठ्छ । तर, पहाडमा अझै पनि दलितको छुट्टै गाउँ छुट्याउने चलन हटेको छैन ।' पढेलेखेका, सफासुग्घर रहने र केही गर्न सक्ने दलितले छुवाछूत भोग्नु नपर्ने उनको अनुभव छ ।

सहरमा जातीय भेदभाव हटिसकेको र गाउँमा भने अझै जरा गाडेर बसेको बताउँछन् बर्दियाको तारातालका दिलबहादुर विक । सहरमा सँगै बसेर खाने मान्छेले गाउँमा भने आफूलाई अछूत व्यवहार गरेको उनको नमीठो अनुभव छ । 'काठमाडौं बस्दा हाम्रै गाउँका बाहुनबाजेले मैले पकाएको खान्थे,' उनी भन्छन्, 'तर गाउँ फर्कंदा उनैले छोइन्छ भन्दै मलाई टाढा राखे ।' समाजमा जताततै यस्तै विभेद रहेको बताउँदै उनी भन्छन्, 'हामीसँग भाँडा छोइयो भने सुनपानी छरेर मात्र घरभित्र जान्छन्, हामीलाई आँगनबाट भित्र पस्न पनि दिँदैनन् तर, सहरमा गएपछि यो सबै हट्छ ।'

समाजमा जातीय भेदभाव र छुवाछूत अन्त्य गर्न थुप्रै प्रयास भएका छन् । सरकारकै निकायहरू यसमा लागेका छन् भने गैरसरकारी संस्थाका गतिविधि पनि बढ्दैछन् । तर, यही अभियानमै लाग्नेहरूमा पनि विगतमा धेरै दुर्व्यवहार सहनुपरेको अनुभव छ । जातीय छुवाछूत अन्त्यको अभियानमा लागेका दलित सेवा सङ्घका केन्द्रीय सदस्य ईश्वरी विश्वकर्मा निर्णायक तहमा नपुग्दासम्म आफूले धेरै मानसिक पीडा भोगेको बताउँछन् । 'हामी अरूलाई भेदभाव गर्नुहुन्न भन्दै हिँड्ने मान्छे, हामी आफैंले त्यो दुर्व्यवहार खेप्नुपर्थ्यो,' उनी भन्छन्, 'तर, अहिले त्यस्तो छैन, समाजको सोचाइमा धेरै फरक आइसक्यो ।' समाज बदलिँदै गएपछि उनीजस्ता अभियानकर्तालाई सजिलो पनि भएको छ । भन्छन्, 'अहिले छुवाछूतको समस्या लिएर हामीकहाँ आउने मानिस कम भएका छन्, आउनेका समस्या पनि सजिलै सुल्झाउँछौं, समाजको सहयोगले यो सब सम्भव भएको हो ।'

शिक्षा र रोजगारमा पहुँच बढ्यो भने दलित समुदायका मानिसले पहिलेजस्तो दुर्व्यवहार र हेला भोग्नु नपर्ने भुक्तभोगीको अनुभवले देखाएको छ । त्यसका लागि दलित समुदायभन्दा बाहिरका मानिसको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । आफू गैरदलित भए पनि छुवाछूत र जातीय भेदभावरहित समाज बनाउन प्रयासरत दियालो परिवारका नन्द देवकोटा नयाँ पुस्तामा जातीय विभेदको सोचाइ हट्दै गएको ठान्छन् । 'सामाजिक कुरीतिप्रति मेरी आमाको विचार जति सङ्कुचित छ, त्यति मेरो छैन,' उनी भन्छन्, 'त्यसरी नै नयाँ पुस्तामा यो सोचाइ बढ्दै गयो भने छुवाछूत र जातीय विभेद बिस्तारै कम हुँदै जान्छ ।'

विगत एक दसकभन्दा लामो समयदेखि जातीय भेदभाव अन्त्य र दलितको अधिकारका लागि वकालत

गर्दै आएका डोक्फा नेपालका अध्यक्ष नन्द विश्वकर्मा गैरदलित समुदायले पहल गरेमा जातीय छुवाछूतको समस्या अन्त्य हुने बताउँछन् । 'शिक्षित र सुसंस्कृत समाजमा यो समस्या कम भइसकेको छ, अशिक्षित र निर्धन समाजमा मात्र छुवाछूत छ,' उनी भन्छन्, 'शिक्षामा पहुँच बढ्दै गयो भने समस्या आफैं हट्दोरहेछ, त्यसैले दलित समुदायको शिक्षा र रोजगारमा पहुँच बढाउन राज्यले पनि पहल गर्नुपर्छ ।'

दलित समुदायभित्रै पनि ठूलो र सानो जातको विभेद अझै हट्न सकेको छैन । यसले जातीय छुवाछूतको समस्यालाई अझ जटिल बनाएको छ । 'हामी आफैं एकजुट नभएसम्म अरूले हामीलाई सधैं हेपिरहन्छन्,' दलित महासङ्घका सचिवसमेत रहेका विश्वकर्मा दलितभित्रैको आन्तरिक विभेद अन्त्य हुनुपर्ने बताउँछन्, 'सरकारले पनि छुवाछूत निषेधका कानुन बनाएर मात्रै हुँदैन, तिनको कार्यान्वयन पनि गर्नुपर्‍यो ।'

पछिल्ला दिनमा शिक्षित र सभ्य समाजमा जातीय छुवाछूतको असर धेरै कम भइसकेको छ । त्यसैगरी शिक्षा र रोजगारीमा पहुँच पुगेका, समाजमा केही गरेका र इलम गरी बसेका दलितले पनि पहिलेजस्तो भेदभाव खेप्नुपरेको छैन । दलित समुदायको शिक्षादेखि रोजगारीसम्म पहुँच बढ्दै गयो भने जातीय छुवाछूत स्वतः हट्ने प्रस्ट छ । दलित समुदायलाई यो बाटोमा अग्रसर गराउन राज्य, सरोकारवाला सङ्घसंस्थाको पनि ध्यान पुग्नुपर्ने बेला भइसक्यो ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# *घरेलु हिंसाले तोड्यो नाता*

***पछिल्ला दिनमा सम्बन्धविच्छेद गर्ने महिलाको सङ्ख्या बढ्दै गएको छ । यसको प्रमुख कारण हो- महिलामाथि हुँदै आएको र अहिलेसम्म नरोकिएको घरेलु हिंसाको अत्याचार । यातना र पीडाबाट उन्मुक्ति पाउन महिला सम्बन्धविच्छेदको बाटो रोज्छन् । घरेलु हिंसा रोक्ने पर्याप्त कानुनसमेत बन्न नसकेका कारण डरलाग्दो रूपमा बढ्दै गएका सम्बन्धविच्छेदका घटना रोक्न पनि गाह्रो छ ।***

✍ **सीता शर्मा**

**बाग्लुङ**/ लोग्नेको यातना सहन नसकी ४ महिनाको गर्भ लिएर माइतीको शरणमा पुगेकी बाग्लुङकी बिना शर्माले १३ वर्षपछि न्याय पाएकी छिन् । उनले बाग्लुङ जिल्ला अदालतमा हालेको अंश र सम्बन्धविच्छेदको मुद्दाले हालसालै किनारा पाएको छ । अंश पाउने गरी सम्बन्धविच्छेदको फैसला अदालतले सुनाएपछि बिनाले भनिन्, 'ढिलै भए पनि न्याय पाइयो ।' लोग्नेको घर छाड्दा गर्भमै रहेकी उनकी छोरी अहिले ६ कक्षामा पढ्छिन् ।

१५ वर्षकै उमेरमा बिनाको बिहे भएको थियो । न पाको उमेर, न पढेलेखेकी, न त भविष्यबारे सोचविचार गर्ने परिपक्व दिमाग नै थियो । राम्रो-नराम्रो छुट्याउनै नसक्ने उमेरमा बजारको र धनी केटा देखेर घरपरिवारले उनीभन्दा आठ वर्ष जेठो मान्छेसँग बिहे गरिदिए । परिवारको निर्णयलाई इन्कार गर्ने अवस्था थिएन । तर, विवाह गरेको केही महिनापछि नै उनका दुःखका दिन सुरु भए । दाइजो नल्याएको, अपुतालीको सन्तान, नराम्री, अनपढजस्ता आरोपमा उनले दिनहुँ लोग्नेबाट यातना पाउन थालिन् । हरेक दिन रक्सीले

*अदालतमै परेका मुद्दा मात्रै हेर्ने हो भने पनि बाग्लुङमा सम्बन्धविच्छेदका मुद्दा ह्वात्तै बढेका छन् । बाग्लुङ जिल्ला अदालतमा २०६० सालभन्दा पहिले सम्बन्धविच्छेदका मुद्दा फाटफुट मात्र आउँथे । ०६३/६४ को तथ्याङ्क हेर्दा त्यो सङ्ख्या बढेर ३६ पुगेको छ । अघिल्लो वर्षको तुलनामा सम्बन्धविच्छेद गर्नेको सङ्ख्या दोब्बर छ ।*

मातेर आएका लोग्नेबाट कुटाइ खानु उनको दिनचर्याजस्तै भयो । रक्ताम्मे हुनेगरी पिट्ने मात्रै होइन, निर्वस्त्र पारी मध्यरातमा गेटबाहिर धकेलेर ढोकामा ताल्चा लगाएको कहालीलाग्दो क्षण उनी अहिले पनि भुल्न सक्दिनन् । 'एकपल्ट पुसको चिसोमा हातखुट्टा

भन्छिन्, 'लोग्ने आफ्नो हुन सकेन, अदालतले त न्याय दिन्छ भन्ने आश छ।'

पश्चिम बाग्लुङको विकट भिमगिठे ढाडखर्क निवासी ३१ वर्षीया विष्णु केसी एउटै घरमा लोग्ने पदमसँग छुट्टिएर बसेकी छिन्। उनीहरूबीच बोलचालसमेत बन्द भएको छ। विष्णु आफ्नै घरमा एक्ली छिन्। बच्चा जन्माउन नसकेको निहुँमा उनी लोग्नेको यातनाको सिकार बनेकी हुन्। उनी भन्छिन्, 'सन्तान नभएको निहुँमा लोग्नेले रातदिन यातना दिन थालेपछि एक्लो बस्न बाध्य भएँ।' अहिले उनी अदालतबाट न्याय पाइने दिन कुरेर बसेकी छिन्।

बाग्लुङकै विष्णु शर्मा पनि लोग्नेको यातनाबाट मुक्ति पाउन अदालतबाट सम्बन्धविच्छेदको मुद्दाको फैसला कुरिरहेकी छिन्। बिहे भएको डेढ वर्ष नपुग्दै सन्तान नभएको निहुँगनेकौं

बाँधेर भूइँमा पल्टाई पिसाबसमेत खुवाए,' उनी त्यतिखेरको दर्दनाक पीडा सुनाउँछिन्, 'म त उपभोगको साधन मात्र बनें। जतिबेला चाह्यो त्यतिबेला प्रयोग गर्न सक्ने। अरू त अरू सिकिस्त बिरामी हुँदासमेत सुख पाइनँ।'

यो सास्ती खेप्नै नसकेपछि उनी माइती बस्न थालेकी थिइन्। तर, माइतीमा पनि सुख पाइनन्। रक्सीले मातेका लोग्ने माइतीमै आएर कुटपिट र बेइज्जत गर्न थाले। अति भएपछि गाउँकै एक शिक्षिकाको सल्लाहमा २०६२ को भदौमा उनले अंशसहित सम्बन्धविच्छेदको मुद्दा हालिन्। अहिले अदालतबाट न्याय पाएको ठान्ने बिना अरू महिलालाई पनि सल्लाह दिँदै भन्छिन्, 'लोग्नेले गरेका सबै अन्यायविरुद्ध न्यायालयको ढोकामा पुग्नुपर्छ, महिला कसैको उपभोगका साधन मात्रै होइनन्।'

लोग्नेको यातना खप्न नसकेपछि बाग्लुङकै हटियाकी २० वर्षीया मिनु बोहोरा थापा पनि सम्बन्धविच्छेदका लागि अदालतको शरणमा पुगेकी छिन्। चार वर्षअघि होमबहादुर बोहोरासँग उनको बिहे भएको थियो। तर, बिहेपछि उनको जीवनमा दुःख मात्र सुरु भयो। अनपढ र दाइजो नल्याएको निहुँमा लोग्नेले दिनहुँजसो यातना मात्रै दिएनन्, घरमा कान्छी नै भित्र्याए। अति नै भएपछि उनी एक वर्षदेखि काठमाडौंमा रहेका माइतीको शरणमा छिन्। लोग्नेले बिचल्लीमा पारे पनि नेपाली सेनामा भर्ती भएर आफ्नो गुजारा आफैं गर्ने सुर बनाएकी उनलाई नागरिकताको समस्या पर्‍यो। लोग्नेले स्वास्नी हो भन्न पनि अस्वीकार गरेपछि उनले सम्बन्धविच्छेदको बाटो रोजेकी हुन्।

त्यसैगरी, कानुनी सहायता परियोजना निःशुल्क कानुनी सेवा केन्द्रमा पनि यस्ता सम्बन्धविच्छेदका मुद्दा पर्ने गरेका छन् । शाखा संयोजक अधिवक्ता सरिता केसीका अनुसार एक वर्षयता नौवटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएकोमा चारवटाको फैसला भइसकेको छ । अघिल्लो वर्षको तुलनामा यो मुद्दा सङ्ख्या दोब्बर हो ।

महिलाका यी मुद्दा हेर्नेहरू सम्बन्धविच्छेदको मुख्य कारण घरेलु हिंसा रहेको बताउँछन् । दाइजो नल्याएको, सन्तान नभएको, ढिलो सन्तान भएको, छोरा नजन्माएको आरोपमा दिइने यातना मात्रै होइन, पारिवारिक झैझगडा, परिवारमा महिलाको सम्मान हुन नसक्नुजस्ता पीडा र यातनाबाट सताइएका महिला सम्बन्धविच्छेद गरेर स्वतन्त्र रूपमा बाँच्न चाहेको देखिन्छ । केसी भन्छिन्, 'घरेलु हिंसाको डरलाग्दो रूपले यसरी सम्बन्धविच्छेद बढाएको प्रष्ट छ, नत्र कसले यति सजिलै जीवनसाथी छाड्ने रहर गर्थ्यो र ?'

घरेलु हिंसा सहेर बस्ने महिलाको सङ्ख्या ठूलो छ । तर सबै अदालतसम्म पुग्न सकेका छैनन् । कतिको न्यायालयसम्म पहुँच नै हुँदैन, कतिपयचाहिँ समाज र परिवारको इज्जतका लागि जस्तोसुकै अत्याचार पनि सहेर बस्छन् । न्यायालयसम्म पुग्न पनि नसक्ने र यातना पनि असह्य भएपछि कतिले आत्महत्याको बाटो रोजेका पनि छन् । बाग्लुङका प्रहरी नायव उपरीक्षक पवन खरेल भन्छन्, 'आत्महत्या गर्ने महिलामा पारिवारिक हिंसाको सिकार भएका धेरै भेटिएका छन् ।'

घरेलु हिंसा रोक्ने प्रष्ट कानुनी व्यवस्था छैन । त्यसैले हिंसाको सिकार भएका महिला हिंसाबाट मुक्ति पाउन सम्बन्धविच्छेद त गर्छन् तर दोषी लोग्नेमाथि कुनै कारबाही हुँदैन । जिल्ला न्यायाधीश भोलानाथ चौलागाईं कानुन नहुँदा महिलाले वास्तविक न्याय पाउन नसकेको बताउँछन्, 'कानुन पर्याप्त छैन, कतिपय अवस्थामा भएको कानुन पनि कार्यान्वयन हुँदैन ।' कानुनी अभाव र पीडितहरू पनि खुलेर नआउने हुनाले दोषीमाथि कारबाहीको फैसला गर्न कठिनाइ भइरहेको उनी बताउँछन् ।

घरेलु हिंसालाई अन्तरिम संविधानले समेत दण्डनीय अपराध भने पनि त्यसअनुसार ऐन, नियम बन्न सकेको छैन । लोग्नेस्वास्नीबीच सम्बन्धविच्छेदका घटना बढ्दै जानु पक्कै राम्रो होइन । तर, यो सङ्ख्या रोक्न पहिले घरेलु हिंसाका घटनामा कमी आउनुपर्ने बताउँदै अधिवक्ता केसी भन्छिन्, 'आवश्यक कानुन बनाए घरेलु हिंसा रोक्न सकिन्छ, त्यसपछि सम्बन्धविच्छेदका मुद्दा स्वतः घट्छन् ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह